# त्रियुगा नगरपालिका

उदयपुर, गाईघाट

कोशी प्रदेश, नेपाल

## त्रियुगा नगर राजपत्र

# त्रियुगा विकास बोर्ड ऐन, २०८१

त्रियुगा नगरपालिका

उदयपुर, गाईघाट

कोशी प्रदेश, नेपाल

CS CamScanner

# त्रियुगा नगरपालिका

जिल्लाःउदयपुर, कोशी प्रदेश, नेपाल

# त्रियुगा नगर राजपत्र

भागः १, बर्षः ८, अङ्कः २, २०८१ आषाढ ३०, आईतबार


# त्रियुगा विकास बोर्ड ऐन, २०८१

**प्रस्तावना**

नेपालको संविधान, २०७२ को धारा २२१(१) तथा उपधारा (२) मा उल्लेख भए बमोजिम सो संविधानको अनुसूची ८ र अनुसूची ९ ले दिएको अधिकार बमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(१) तथा सोही ऐनको दफा १०२ बमोजिम आफ्नो नगरक्षेत्रभित्र दिगो विकासको प्रवर्द्धन, सार्वजनिक सेवाहरू अभिवृद्धि गर्न, नागरिकको जीवनयापनको गुणस्तरको स्तरोन्नति गर्नका लागि त्रियुगा नगरपालिका विकास बोर्ड स्थापना सञ्चालन गर्न वाञ्छनीय भएकोले त्रियुगा नगरपालिकाको मिति २०८१/०३/१० गतेको तेह्रौं नगरसभाले यो ऐन पारित गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यो ऐनको नाम "त्रियुगा विकास बोर्ड ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन त्रियुगा नगरपालिकाभरि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,



CamScanner

(क) नगरपालिकाका भन्नाले "त्रियुगा नगरपालिका" लाई सम्झनु पर्छ ।

(ख) कार्यपालिका भन्नाले "त्रियुगा नगर कार्यपालिका" लाई सम्झनु पर्छ ।

(ग) सभा भन्नाले "त्रियुगा नगरपालिका सभा" लाई सम्झनु पर्छ ।

(घ) बोर्ड भन्नाले यस ऐन बमोजिम स्थापना भएको "त्रियुगा नगरपालिका बोर्ड" लाई सम्झनु पर्छ ।

(ङ) गुरू योजना भन्नाले "भू-उपयोग लगायत पूर्वाधार र यातायात, आवास तथा आवास सुविधाहरू, शिक्षा र सुरक्षा, उद्योग-व्यापार, स्वास्थ्य सेवा, वातावरण, कला तथा संस्कृतिका साथै दिगो सामाजिक-आर्थिक विकासका क्षेत्रगत रणनैतिक लक्ष्य निर्देशित नगरपालिकाको योजना" लाई सम्झनु पर्छ ।

(च) क्षेत्रगत योजना भन्नाले "गुरू योजनाका एक वा एक भन्दा बढी लक्ष्य र दिशाहरूलाई सम्बोधन गरी कार्यान्वयन गर्न तयार गरिएको योजना" लाई सम्झनुपर्छ ।

(छ) कार्यगत योजना भन्नाले "क्षेत्रगत योजना कार्यान्वयन गर्न तयार गरिएको योजना" लाई सम्झनुपर्छ ।

(ज) सार्वजनिक सेवाहरू भन्नाले "खानेपानी, सरसफाई, ढल, शिक्षा, स्वास्थ्य, यातायात, शान्ति सुरक्षा, सामाजिक सुरक्षा लगायतका सेवाहरू" लाई सम्झनु पर्छ ।

(झ) दिगो विकास भन्नाले "भविष्यको पुस्ताको आवश्यकता तथा अमन चयन पूरा गर्ने क्षमतामा सम्झौता नगरी वर्तमानका आवश्यकता तथा अमन चयन पूरा गर्ने विकास" लाई सम्झनु पर्छ ।

**३. बोर्डको स्थापना**

(१) त्रियुगा नगरपालिकास्तरमा विकास सम्बन्धी योजनाहरू तर्जुमा गरी दिगो विकास र सार्वजनिक निजी साझेदारी अभ्यास प्रवर्द्धन गर्न तथा नगरपालिका प्रशासनमा पारिदर्शिता, जवाफदेहीता र जनसहभागितालाई सुव्यवस्थित एवं प्रभाकारी ढङगबाट बढी सबल तुल्याउन त्रियुगा नगरपालिका विकास वोर्डको स्थापना गरिएको छ ।

**४. बोर्डको कार्यालय**

(१) वोर्डको मुख्य कार्यालय त्रियुगा नगरपालिकाको कार्यालयमा रहनेछ ।



CamScanner

५. **बोर्डको उद्देश्य**

बोर्डको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) नगरपालिकाको क्षेत्रगत योजना र कार्यगत योजनाको परिकल्पना सहितको गुरुयोजना तर्जुमा र कार्यान्वयन गर्ने,

(ख) नगरपालिकाभित्रका कृषि, उद्योग कलकारखाना, पर्यटकीय विकास, शिक्षा, स्वास्थ्य, रोजगार, यातायात, भौतिक पूर्वाधार तथा सार्वजनिक सेवाहरूको सुदृढीकरण र विस्तार गर्नका लागि आवश्यक अध्ययन गर्ने, गराउने,

(ग) दिगो विकास र सार्वजिनक निजी साझेदारी अभ्यासहरू प्रवर्द्धन गर्ने,

(घ) सामाजिक, आर्थिक, सांस्कृतिक तथा मानव विकास र सामुदायिक विकासलाई प्रोत्साहन गर्ने,

(ङ) नगरपालिका प्रशासनमा पारदर्शिता, जवाफदेहिता र जनसहभागिता सुनिश्चित्त गर्ने,

(च) नगरपालिकाभित्रको प्राकृतिक स्रोत, साधन, जैविक विविधताको अध्ययन अनुसन्धान गर्ने, व्यवस्थापन गर्ने र सदुपयोग गर्ने,

(छ) नगरपालिकाका विषयगत शाखाहरूसँग समन्वय गर्ने,

(ज) नगरपालिकाको सर्वाङ्गीण दिगो विकासका लागि सहयोग पुऱ्याउने ।

६. **बोर्डको गठन**

(१) बोर्डको कार्य सञ्चालनको निमित्त देहाय बमोजिमको एउटा कार्यकारी समिति हुनेछः-

(क) नगर प्रमुख - अध्यक्ष

(ख) नगरपालिकाको उपप्रमुख - १ सदस्य,

(ग) संगठनात्मक प्रणाली अथवा परिवर्तन व्यवस्थापन अथवा व्यवसायिक व्यवस्थापन विषयमा विधावारिधि गरी देशको सामाजिक, आर्थिक विकासको क्षेत्रमा न्यूनतम् ७ वर्षको अनुसन्धानात्मक अनुभव भएको व्यवस्थापन विषयक प्राध्यापक - १ सदस्य,

(घ) सहरी योजना र दिगो विकासमा कम्तीमा ५ वर्षको अनुभव भएको सिभिल वा सहरी विकास इन्जिनियर (विशेषज्ञ) - १ सदस्य,

(ङ) कृषि विज्ञ - १ सदस्य,

(च) प्राकृतिक स्रोत, साधन, खानी तथा जैविक विविधताको ज्ञान भएको विज्ञ - १ सदस्य

(छ) नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत - १ सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठन भएको बोर्डका सदस्यहरूको पदावधि ४ वर्षको हुनेछ र थप १ कार्यकाल पुनः मनोनयन हुन सक्नेछन्। तर नगर प्रमुख, नगर उपप्रमुख र प्रशासकीय अधिकृतको भने आफ्नो कार्यकाल समाप्त नभएसम्म बोर्डमा रहनेछन्।

**७. बोर्डको काम कर्तव्य र अधिकार**

(१) बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) सभालाई नगरपालिकाको गुरूयोजना तथा रणनीतिक योजना सहित मार्गनिर्देश गर्ने,

(ख) योजना तर्जुमा र कार्यान्वयनको समग्र अवस्थाको मूल्याङ्कन गरी आवश्यक प्रतिवेदन पेश गर्ने,

(ग) विकास योजना र वार्षिक बजेट सभाको स्वीकृतका लागि सिफारिस गर्ने,

(घ) नगरपालिकाको प्रभाकारी कार्यसम्पादनका लागि नीति तथा नियमावलीको मस्यौदा तयार गर्ने, गराउने,

(ङ) नगरपालिकाको क्षेत्रगत विकास कार्यक्रमहरूको अनुगमन र मूल्याङकन गर्ने, गराउने,

(छ) नगरपालिकाका सबै कार्य सञ्चालनमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्ने कार्य गर्ने, गराउने,

(ज) नगरपालिकाका विभिन्न निकाय तथा विभागहरूका बारेमा जानकारी लिने र आवश्यक निर्देशन दिने वा दिन लगाउने,

(झ) नगरपालिकाका बासिन्दा र सरोकारवालाहरूबाट जानकारी सङ्कलन गर्ने, सार्वजिक सुनवाई र परामर्श संचालन गर्ने, गराउन सक्नेछ,

(ञ) बोर्डले नगरपालिका अन्तर्गतका कर्मचारीहरूलाई जिम्मेवारी दिन सक्नेछ,

(ट) बोर्डले आफ्ना योजना, परियोजना, सिफारिस र नियमित कार्यहरूलाई प्रभावकारी बनाउन विभिन्न प्रकारका अध्ययन अनुसन्धानका कामहरू गर्न गराउन सक्नेछ,



CamScanner

(ठ) बोर्ड र यसका सदस्यहरूले सभाले तोकेअनुसार नगरपालिकाका पूर्वाधार, सेवा सुविधा र स्रोतहरूको गर्न गराउन सक्नेछ ।

## ८. बोर्डको बैठक

(१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) बैठकका लागि बोर्डका सदस्यहरू कम्तिमा पाँचजना उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा नगर उपप्रमुखबाट हुनेछ । अध्यक्ष तथा उपाध्यक्ष दुवैको अनुपस्थितिमा सदस्यहरूले आफूमध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(४) बोर्डले बहुमतका आधारमा निर्णय लिनेछ । र गणपुरक संख्या मात्र पुगेको अवस्थामा निर्णय लिनु परेमा न्यूनतम ८०% को बहुमतबाट मात्र लिइनेछ । तर मत बराबरी भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(५) बोर्डको निर्णय सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(६) बोर्डले आफ्नो बैठकका निर्णयहरूको अभिलेख राख्नेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कुराहरू समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## ९. उपसमिति र टोलीहरू गठन गर्न सक्ने

(१) बोर्डले आवश्यकता अनुसार गुरूयोजना, क्षेत्रगत योजना, कार्यगत योजनाहरू तयार गर्न, विशेष समस्या वा परियोजनाहरूलाई सम्बोधन गर्न उपसमिति र टोलीहरू गठन गर्न सक्नेछ ।

## १०. बोर्ड गठनको उद्देश्य पूरा गर्न आवश्यक खर्चको व्यवस्था

(१) बोर्डले गर्ने नगरपालिकाको क्षेत्रगत, कार्यगत गुरूयोजना तर्जुमा र कार्यान्वयन गर्न लाग्ने आवश्यक खर्चको व्यवस्था नगरपालिकाले प्रत्येक आर्थिक वर्षमा "त्रियुगा नगर विकास बोर्ड वजेट" शीर्षकमा बजेट समावेश गराई सभाले पारित गर्नेछ ।

## ११. बोर्डको पदाधिकारीहरूको पारिश्रमिक र सुविधा

बोर्डको अध्यक्ष र सदस्यहरूको पारिश्रमिक र सेवाका सर्त त्रियुगा नगरकार्यपालिकाको निर्णय अनुसार हुनेछ ।



CamScanner

## १२. बोर्डको कर्मचारी

(१) बोर्डले आफ्नो कार्य संचालनका निमित्त आवश्यक कर्मचारी नगरपालिकाले उपलब्ध गराउनेछ ।

## १३. नगर कार्यपालिका समक्ष प्रतिवेदन पेश गर्नुपर्ने

बोर्डले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्रमा नगर कार्यपालिका समक्ष पेस गर्नु पर्नेछ ।

## १४. बोर्डको विघटन

(१) कुनै मनासिव कारणबाट बोर्डलाई खारेज गर्ने गरी नगरपालिकाको नगरसभाले निर्णय गरेमा बोर्ड विघटन हुनेछ ।

(२) उपदफा (१) वमोजिम बोर्ड विघटन भएमा बोर्डको हक र दायित्व नगर कार्यपालिकामा सर्नेछ ।

## १५. कार्यविधि बनाउने अधिकार

यो ऐनको उद्धेश्य कार्यान्वयन गर्न बोर्डले नगर कार्यपालिकाको स्वीकृति लिई आवश्यक कार्यविधि/नियम/विनियम बनाउन सक्नेछ ।

प्रमाणिकरण मितिः २०८१/०३/१०

आज्ञाले
विष्णुभक्त सिग्देल
प्रमुख प्रशासकीय अधिकृत



CamScanner